# नेपाल इन्जिनियरिङ्ग परिषद्

## व्यवसायीक इञ्जिनीयर ९Professional Engineer) दर्ता सम्बन्धी विनियमावली २०६७

नेपाल इञ्जिनीयरिङ परिषद् ऐन २०५५ को दफा ३७ (२) तथा नेपाल इञ्जिनीयरिङ परिषद् नियमावली २०५७ को नियम ९ (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल इञ्जिनीयरिङ परिषद्ले देहाय अनुसारको विनियमावली बनाएको छ ।

परिच्छेद -१

प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(१) यो विनियमावलीको नाम "व्यवसायीक इञ्जिनीयर(Professional Engineer) दर्ता सम्बन्धी विनियमावली, २०६७" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**१.२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :-

(क) 'ऐन' भन्नाले नेपाल इञ्जिनीयरिङ परिषद् ऐन, २०५५ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल इञ्जिनीयरिङ परिषद नियमावली, २०५७ सम्झनुपर्छ ।

(ग) "विनियमावली" भन्नाले व्यवसायीक इञ्जिनीयर (Professional Engineer) दर्तासम्बन्धी विनियमावली, २०६७ सम्झनुपर्छ ।

(घ) "दर्ता" भन्नाले इञ्जिनीयरिङ सेवा/व्यवसाय गर्न परिषदको दर्ता किताबमा नाम दर्ता गरिने कार्य सम्झनुपर्छ ।

(ङ) "इञ्जिनीयर" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनीयरिङ विषयमा कम्तीमा स्नातकतहको उपाधी प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(च) "साधारण दर्तावाल इञ्जिनीयर" भन्नाले ऐनको अनुसूचीमा उल्लेखित इञ्जिनीयरिङ कार्यक्रममा स्नातक वा सो सरहको योग्यता हासिल गरी नियम ८ बमोजिम दर्ता किताबमा नाम दर्ता भएको इञ्जिनीयर सम्झनुपर्छ ।

(छ) "व्यवसायीक इञ्जिनीयर (Professional Engineer)" भन्नाले ऐनको अनुसूचीमा उल्लेखित कार्यक्रममा स्नातकोत्तर डिग्री (Master Degree) अथवा स्नातकोत्तर डिप्लोमा (Postgraduate Diploma) प्राप्त गरी इञ्जिनीयरिङ विषयक परियोजना, आयोजना, योजना, उत्पादन, प्रक्रिया, प्रणालीको तर्जुमा, डिजाइन, विश्लेषण, कार्यान्वयन, परीक्षण, मूल्याङ्कन, गुण आश्वासन(quality assurance), मर्मत-संभार, व्यवस्थापन र प्रमाणीकरण जस्ता इञ्जिनीयरिङ ज्ञान र सीपको आवश्यकता हुने कार्य गर्न सक्षम भइ नियमावलीको नियम ९ बमोजिम दर्ता किताबमा दर्ता भएको इन्जिनियर सम्झनु पर्छ ।

(ज) "निरन्तर व्यवसायीक विकास (Continual Professional Development) भन्नाले दफा ५.४ मा दिइएका समग्र कार्यहरू सम्झनु पर्छ ।

## परिच्छेद -२

## व्यवसायीक इञ्जिनीयरको योग्यता

**२.१** देहायका योग्यताहरू पुगेका व्यक्ति व्यवसायीक इञ्जिनीयर (Professional Engineer) को रूपमा परिषद्मा दर्ता हुनसक्नेछन् ।

(क) साधारण दर्तावाल इञ्जिनीयरको रूपमा दर्ता भएको ५ वर्ष नाघेको ।

(ख) सम्बन्धित इञ्जिनीयरिङ विषयमा स्नातकोत्तर डिग्री (Postgraduate Degree) अथवा स्नातकोत्तर डिप्लोमा (Post graduate diploma) प्राप्त गरेको ।

(ग) स्नातकोत्तर डिग्री (Post Graduate Degree) को उपाधी प्राप्ति पछि उपरोक्त १.२ (छ) मा उल्लेखित कार्यहरूमध्ये एक वा सोभन्दा बढी कार्य जिम्मेवारीको पदमा रही काम गरेको कम्तीमा १० वर्षको अनुभव भएको ।

**तर**

स्नातकोत्तर डिप्लोमा (Post graduate diploma) को उपाधी प्राप्त गरी दफा १.२ (छ) मा उल्लेखित कार्यहरू मध्ये एक वा सो भन्दा बढी कार्य जिम्मेवारीको पदमा रही काम गरेको कम्तीमा १५ वर्षको अनुभव भएको ।

घ) विदेशमा कार्यरत नेपाली इन्जिनीयरहरु परिषद्मा साधारण दर्तावाल इन्जिनियरको रुपमा दर्ता भई ३ वर्ष पुरा गरी उपदफा (ख) र (ग) को आवश्यकता पुरा गरेको ।

ङ) विदेशमा कार्यरत र त्यस देशको आधिकारिक निकायमा व्यवसायीक इन्जिनियर (Professional Engineer) को रुपमा दर्ता भइ सम्बन्धित कार्य गरिरहेका नेपाली इन्जिनीयरहरुको सन्दर्भमा साधारण दर्तावाल इन्जिनियरको रुपमा दर्ता भएको १ वर्ष पुरा गरेको ।

उपदफा (ग) को आवश्यकताको सन्दर्भमा भने विदेशको आधिकारिक निकायमा व्यवसायीक इन्जिनीयरको रुपमा दर्ता पछि सम्बन्धित कार्य क्षेत्रमा न्युनतम २ वर्ष काम गरेको हुनुपर्दछ ।

## परिच्छेद-३

## दर्ता प्रक्रिया

**३.१** विनियम २.१ म उल्लेखित योग्यता पुगेका साधारण दर्तावाल इञ्जिनीयरले अनुसूची-१ बमोजिमको ढाँचामा विनियमावलीको नियम ५ (१) ख बमोजिमको दस्तुर परिषद्को बैंक खातामा जम्मा गरेको भौचर सहित निवेदन दिनुपर्नेछ ।

**३.२** संलग्न प्रमाण पत्रहरूको र अन्य कागजातहरूको प्रमाणीकरण परिषद्का पदाधिकारी वा इञ्जिनीयरहरूद्वारा प्रमाणित गरी सक्कल कागजात र प्रमाणपत्रहरू (बैंक भौचर बाहेक) निवेदकलाई फिर्ता गर्नु पर्नेछ ।

**३.३** निवेदन प्राप्त भएको १५ दिनभित्र परिषद्को व्यवस्थापनले प्रमाणपत्र र अन्य कागजातहरूको प्रमाणीकता निर्क्योल र पुष्ट्याई गरी निवेदकको फायल राय-सुझाव सहित दर्ता प्रक्रिया समितिलाई हस्तान्तरण गर्नुपर्ने छ ।

दर्ता प्रक्रिया समितिले उपनियम ३.१ बमोजिम निवेदन प्राप्त भएको ४५ दिन भित्र निवेदकको कार्य क्षेत्र, सम्पादीत कार्यको प्रकृति, अवधि, संलग्नता र प्रभावकारिताको प्रमाणीकता पुष्ट्याई गरी आफ्नो राय-सुझाव सहित मूल्याङ्कन समितिलाई हस्तान्तरण गर्नुपर्नेछ ।

मूल्याङ्कन समितिले उपनियम ३.४ बमोजिम निवेदन प्राप्त गरेको ३० दिनभित्र शैक्षीक योग्यताको उपाधी, अनुभवको यथेष्टता र सान्दर्भिकता पुनरावलोकन र मूल्याङ्कन गरी दर्ता गर्न सिफारिस गर्न मिल्ने पुष्ट्याई वा कारण सहित परिषद्मा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

परिषद्बाट व्यवसायीक इञ्जिनीयरको रूपमा दर्ता गर्न मिल्ने निर्णय भएमा निजको विशेषज्ञता/कार्य क्षेत्र (scope) तथा वहाल अवधि तोकि दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

दर्ता गर्न नमिल्ने निर्णय भएमा लिखित कारण सहित निजले बुझाएको दस्तुर फिर्ता गर्नुपर्नेछ ।

परिच्छेद-४

दर्ता प्रक्रियामा समितिहरू

**दर्ता प्रक्रिया समिति :** निवेदक साधारण दर्तावाल इञ्जनीयरको स्नातकोत्तर उपाधी र सो उपाधी पछि सम्पादीत कार्यको उपाधीसँगको सामञ्जस्यता, सान्दर्भिकता, प्रभावकारिता र प्रमाणीकता पुष्ट्याई गर्न परिषद्ले देहाय बमोजिमको दर्ता प्रक्रिया समिति गठन गर्न सक्नेछ ।

(क) परिषद्का सदस्यहरूमध्येबाट एकजना - संयोजक

(ख) परिषद्का सदस्यहरू मध्येबाट एक जना ा- सदस्य

(ग) परिषद्द्वारा मनोनित सम्बन्धित विधाका बाह्य विशेषज्ञ एकजना -सदस्य

उपदफा (ग) अनुसारको बाह्य बिशेषज्ञ, दर्ता गरिने व्यवसायीक इञ्जिनीयर (Professional Engineer) को बिधा अनुसार परिषदबाट मनोनित हुनेछन् ।

**दर्ता प्रक्रिया समितिको काम, कर्तव्य र अधिकार**

(क) निवेदनहरुको छानविन तथा बिश्लेषण

(ख) निवेदनहरुसंग प्राप्त कागजातहरुको आधिकारिकताको जाँच

(ग) निवेदकले गरेको कार्यसम्पादन बारे अधिकतम जानकारी हासिल

(घ) मूल्यांकन समिति समक्ष प्रतिवेदन पेश

दर्ता प्रक्रिया समितिको संयोजकले बैठक राखी हालसम्म प्राप्त जानकारी र प्रतिवेदनको आधारमा दर्ता गर्न मिल्ने वा नमिल्ने स्पष्ट धारणा र रायसुझाव समेत मूल्याङ्कन समितिलाई प्रतिवेदन हस्तान्तरण गर्नुपर्ने छ ।

दर्ता प्रकृया समितिका संयोजक तथा सदस्यले बैठक बस्दा परिषद्को बैठक सरहको भत्ता पाउनेछन् ।

**४.५ मूल्याङ्कन समिति :** परिषद व्यवस्थापनद्वारा प्रस्तुत प्रतिवेदन, दर्ता प्रक्रिया समितिद्वारा प्रस्तुत प्रतिवेदनहरूको पुनरावलोकनको साथै निवेदकको योग्यता र दक्षताबारे थप जानकारी प्राप्त गरी दर्ताको लागि परिषद्मा सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहने गरी मूल्याङ्कन समिति रहनेछ -

(क) परिषद्का सदस्य मध्येबाट एकजना - संयोजक

(ख) परिषद्का अन्य सदस्यहरू मध्येबाट एकजना - सदस्य

(ग) परिषद्द्वारा मनोनित सम्बन्धित विधाका बाह्य विशेषज्ञ इञ्जिनीयर एकजना - सदस्य

उपदफा (ग) अनुसार सदस्य मनोनित गर्दा व्यवसायीक इन्जिनीयर (Professional Engineer) को बिधा अनुसार परिषदबाट मनोनित हुनेछन् ।

**४.६ मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार**

(क) दर्ता प्रक्रिया समितिको प्रतिवेदनको पुनरावलोकन,

(ख) विभिन्न सूत्रहरूको माध्यमद्वारा निवेदकद्वारा सम्पादित कार्यहरूबारे थप जानकारी

(ग) अन्तर्वार्ताद्वारा निवेदकको पुर्नमूल्याङ्कन

(घ) उपरोक्त (क), (ख), (ग) को आधारमा मूल्याङ्कन समितिको बैठकले दर्ता गर्न मिल्ने, नमिल्ने बारे निवेदकको कार्य क्षेत्र (scope) खुलाई परिषद समक्ष प्रतिवेदन पेश गर्नेछ

४.७ मूल्याङ्कन समितिका सदस्यहरूले अन्तर्वार्ता लिँदा र बैठक बस्दा परिषद्को बैठक सरहको भत्ता पाउनेछन् ।

४.८ समितिका सदस्यहरुको पदावधि

क) दर्ता प्रक्रिया समितिका सदस्यहरुको पदावधि निम्नानुसार हुनेछ ।

| | | |
|---|---|---|
| परिषदका सदस्यहरु | : | १२ महिना |
| बाह्य विशेषज्ञ | : | ६ महिना |

ख) मुल्यांकन समितिका सदस्यहरुको पदावधि निम्नानुसार हुनेछ ।

| | | |
|---|---|---|
| परिषदका सदस्यहरु | : | १२ महिना |
| बाह्य विशेषज्ञ | : | ६ महिना |

४.९ दर्ता प्रक्रिया समिति तथा मुल्यांकन समितिमा रहेका संयोजक र सदस्यहरुको परिषदको पदावधि समाप्त भएको अवस्थामा समितिको पदावधि समेत समाप्त हुनेछ ।

## परिच्छेद-५

## दर्ताको निरन्तरता

**५.१** व्यवसायीक इन्जिनीयर (Professional Engineer) लाई प्रदान गरिएको दर्ता-प्रमाण पत्रको बहाल अवधि तीन वर्षको लागि हुनेछ ।

**५.२** तीन वर्ष पुग्न दुई महिना अगावै परिषद नियमावली २०५७ को ५(१) ख बमोजिमको दस्तुर सहित नवीकरणको लागि पुनः निवेदन दिनुपर्नेछ ।

**५.३** परिषदले निरन्तर व्यवसायीक विकास (Continual Professional Development) को आधारमा तोकिएको प्रक्रिया पुऱ्याएर नवीकरण गर्न सक्नेछ ।

उपदफा (घ) बमोजिम सदस्य आमन्त्रण गर्दा निवेदकको कार्यरत वा पूर्व कार्यरत संस्थाबाट निवेदकको सुपरिवेक्षकलाई आमन्त्रित सदस्यको रुपमा प्राथमिकता दिनुपर्ने छ ।

**५.४** निरन्तर व्यवसायीक विकास (Continual Professional Development) भन्नाले देहाय अनुसारका कार्यहरू सम्झनु पर्दछ र यी सबै कार्यहरू नवीकरणको लागि अनिवार्य शर्त हुनेछन् ।

(क) प्रमाणित क्षेत्रमा कार्य सम्पादन र त्यसको निरन्तरता

(ख) प्रमाणित क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुसँग सम्बन्धित गोष्ठीहरूको संचालन वा यस्ता गोष्ठी, सेमिनारहरूमा सक्रिय सहभागिता

(ग) प्रमाणित क्षेत्रसँग सम्बन्धित विषयहरूमा रिसर्च एण्ड डेब्लभमेन्ट र सोसँग सम्बन्धित प्राविधिक लेख, रचना प्रकाशन

(घ) विश्व-व्यापार संगठन (डब्लु.टि.ओ.) को प्रावधान लगायत विभिन्न अन्तर्राष्ट्रिय सहमति, सम्झौताहरूमा व्यवसायीक इञ्जिनियरहरू (Professional Engineer) को योग्यता, दक्षता सम्बन्धित अन्तरनिहित आवश्यकताहरूको बारेमा ज्ञान र प्राप्तिका प्रयत्नहरू ।

(ङ) योजना व्यवस्थापन कला (Project Management Technique) बारे ज्ञान ।

(च) योजनाको आर्थिक विश्लेषण (Financial Analysis) बारे ज्ञान ।

(छ) इन्जिनीयरिङ्ग व्यवसाय र कार्यसम्पादन संग प्रत्यक्ष सरोकार राख्ने ऐन/कानून, नियम, विनियम, निर्देशिका, कोड, विशिष्ट विवरण (Specification) बारे ज्ञान ।

## परिच्छेद-६

## आचार संहितासम्बन्धी प्रावधानहरू

**६.१** व्यवसायीक इञ्जिनीयर (Professional Engineer) ले परिषद नियमावलीको नियम १८ मा उल्लेखित व्यवसायीक आचार संहिताको पूर्णरूपले पालन गर्नु, गराउनु पर्दछ ।

**६.२** व्यवसायीक इञ्जिनीयरले आफ्नो हस्ताक्षर गरेको ठाउँमा आफ्नो छाप सहित दर्ता नम्बर अनिवार्य रूपमा लेख्नुपर्छ ।

**६.३** परिषद्द्वारा प्रदान गरिएको व्यवसायीक इञ्जिनीयर दर्ता प्रमाण-पत्रको स्वामित्व परिषद्मा निहित रहनेछ । व्यवसायिक इञ्जिनीयरले आचार संहिताको उल्लंघन गरेको ठहर भएमा परिषद्ले कुनै पनि बेला दर्ता प्रमाण-पत्र फिर्ता लिन सक्नेछ ।

**६.४** दर्तावाल इञ्जिनीयरहरूले ऐन, नियमावली , विनियमावली र यिनीहरूमा बेला-बेलामा भएका संशोधनहरू बारे अध्यावधिक जानकारी राख्नु पर्दछ ।

## परिच्छेद-७

## विविध

**७.१** निम्नलिखित इञ्जिनीयरिङ कार्यहरू आधिकारिक व्यवसायीक इञ्जिनीयर (Professional Engineer) बाहेक अन्य व्यक्तिले गर्न सक्ने छैनन् ।

(क) सार्वजनिक निर्माणसँग सम्बन्धित इन्जिनीयरिङ परियोजना, आयोजना, योजनाका सम्बन्धित ड्रोइङ/डिजाइन/प्रक्रिया/प्रणाली/लागत अनुमान/समय सीमा/साधन-स्रोतको पूर्वानुमान/बजेट तर्जुमा इत्यादिको प्रमाणीकरण र स्वीकृति

(ख) उत्पादन/प्रक्रिया/योजना सम्बन्धित डिजाइन स्तरीयताको प्रमाणीकरण

(ग) सुरक्षात्मक यथेष्ठता र वातावरण संरक्षण प्रभावकारिताको प्रमाणीकरण

(घ) डिजाइन अनुसारको निर्माण/उत्पादन/प्रक्रियाको स्तरीयताको प्रमाणीकरण

(ङ) इञ्जिनीयरिङ कार्यहरुको प्राविधिक परिक्षण (Technical Audit)

(च) इञ्जिनीयरिङ परियोजना, आयोजना, योजना विषयक विवादहरुमा मध्यस्थता (Arbitration) सम्बन्धि कार्य

**७.२** यस विनियमावली अन्तरगत दर्ता भएका व्यवसायीक इन्जिनियर (Professional Engineer) यस विनियमावलीको विनियम नं. १.२ (छ) अनुसारका इन्जिनियरिङ्ग कार्यहरु सम्पादन गर्ने सन्दर्भमा नेपाल भित्र **कुनै पनि अन्य निकायहरुमा दर्ता गर्नु पर्ने छैन् ।**

## अनुसूची-१ : दरखास्त फाराम

## नियमावली २०५७ को नियम ४(३) स“ग सम्बन्धित

| | |
|---|---|
| **निवेदकको नाम :**<br>**जन्म मिति :** | **पूरा ठेगाना :**<br>**टे.फो./इ.मेलः** |
| **माग गरेको विशेषज्ञता (क्षेत्र/कार्य/स्टेज):** | |

| **स्नातक उपाधी** | **प्राप्त मिति/वर्ष** | **अध्ययन गरेको संस्था** | **विश्वविद्यालय** | **परिषद दर्ता नं./मिति** | **दर्ता विषय** |
|---|---|---|---|---|---|
| | | | | | |

| स्नातकोत्तर उपाधी | प्राप्त मिति/वर्ष | अध्ययन गरेको संस्था | विश्वविद्यालय | अध्ययनको विषय | प्रोजेक्ट विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| काम गरेको संस्था/कार्यालय | पद | ...देखि ... | सम्पादन गरेको कार्यको प्रकृति | | सुपरिवेक्षकको नाम, सम्पर्क नं. |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>संलग्न कागजातहरू</u>**

१. ने.ई.प.मा दर्ता-प्रमाणपत्रको प्रतिलिपि
२. स्नातकोत्तर उपाधीको प्रतिलिपिहरू
३. कार्य सम्पादन अनुभव पुष्ट्याई गर्ने कागजातहरू
४. दस्तुर बुझाएको बैंक भौचर

निवेदकको हस्ताक्षरः
मिति :

# अनुसूची -२: अन्तर्वार्ता प्रतिवेदन
## विनियम ४(२) स‘‘ग सम्बन्धित

| निवेदकको नाम | निवेदकको स्नातकोत्तर उपाधी | अन्तर्वार्ता मिति | अन्तर्वार्ताकारको कोड |
|---|---|---|---|
| | | | |
| निवेदकले माग गरेको विशेषज्ञता (क्षेत्र/कार्य/स्टेज): | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | तपाईंको विचारमा निवेदकको स्नातकोत्तर उपाधी र कार्य सम्पादन बीचको सान्दर्भिकता र सामञ्जस्य कस्तो लाग्यो ? | अति राम्रो सामञ्जस्य | काम चलाउ सामाञ्जस्य | सामाञ्जस्य र सान्दर्भिकता सन्तोषजनक नभएको | |
| २ | उपाधी प्राप्त विषयमा निवेदकको कार्य सम्पादन अनुभव बारे तपाईंको के राय छ ? | प्रशस्त अनुभव | काम चलाउ अनुभव | अनुभव अपुग भएको | |
| ३ | तपाईंको विचारमा निवेदकले सम्पादन गरेका कार्यहरूमध्ये कुन कार्यमा विशेषज्ञता हासिल गरेको छ जस्तो लाग्छ ? | | | | |
| ४ | सम्पादन गरिएका कार्यहरूको कुन स्टेज (जस्तै डिजाइन, कार्यान्वयन, गुण-आश्वासन, परीक्षण, व्यवस्थापन, मर्मत-सम्भार इत्यादि) मा निवेदकको दक्षता विकास भएको छ जस्तो लाग्छ ? | | | | |
| ५ | कार्य सम्पादनको सिलसिलामा निवेदकको भनाइअनुसार निजले सम्पन्न गरेका केही उल्लेखनीय कार्यहरू के होलान् ? | | | | |
| ६ | तपाईंको विचारमा निवेदकले माग गरेअनुसार विशेषज्ञताको प्रमाणीकरण गर्न सकिन्छ ? | निश्चित रुपले प्रमाणीकरण गर्न सकिन्छ | प्रमाणीकरण गर्न पनि सकिन्छ | पुनर्विचार गर्नुपर्ने हुन्छ | प्रमाणीकरण गर्न सकिँदैन कि (कारण सहित) |
| ७ | निवेदकले माग गरेको विशेषज्ञताको प्रमाणीकरण गर्ने सन्दर्भमा तपाईंको राय-सुझाव स्पष्ट रुपमा लेख्नुहोला | | | | |

अन्तर्वार्ताकारको सानो हस्ताक्षर

मिति :

# अनुसूची-३ : दर्ता समितिको प्रतिवेदन

## विनियम ४.३ स‘‘ग सम्बन्धित

| निवेदकको नाम | निवेदकको स्नातकोत्तर उपाधी | निवेदकले प्रमाणीकरण माग गरेको विशेषज्ञता |
|---|---|---|
| | | |

| क्र.सं. | विवरण | मूल्याङ्कन समितिबाट पुष्ट्याई | कैफियत |
|---|---|---|---|
| १ | स्नातकोत्तर उपाधी स्वदेशी/विदेशी मान्यता प्ा्प्त शिक्षण संस्थाबाट प्राप्त गरेको/नगरेको | | |
| २ | स्नातकोत्तर उपाधी र कार्य सम्पादन अनुभवको सामञ्जस्य र सान्दर्भिकता भएको/नभएको | | |
| ३ | निवेदकको कार्य सम्पादन अनुभव बारे संक्षिप्त जानकारी | | |
| ४ | अनुभवको पुष्ट्याईंमा अपनाइका विधिहरू | | |
| ५ | अन्तरवार्तामा सम्मिलित निवेदकको सुपरीक्षकले निवेदकले माग गरेको विशेषज्ञतासम्बन्धी राखेको धारणा | | |
| ६ | निवेदकले माग गरेको विशेषज्ञताको सन्दर्भमा निजको प्रत्यक्ष अनुभव र सोको अवधिबारे | | |
| ७ | निवेदकले स्नातकोत्तर तहमा गरेको प्राजेक्ट वर्कसमा पनि कार्य सम्पादन गरेको अनुभव भएको/नभएको | | |
| ८ | निवेदकले हाल गरिरहेको कार्यको संक्षिप्त विवरण | | |
| ९ | समितिको निर्णय सर्वसम्मत रुपमा भएको हो कि बहुमतको आधारमा भएको हो | | |
| १० | निवेदकको मागअनुसार नै विशेषज्ञताको प्रमाणीकरण गर्न सकिन्छ वा सकिँदैन | | |
| ११ | स्कोप घटाएर विशेषज्ञता प्रमाणीकरण गर्न सकिने भए सोबारे समितिको राय सुझाव के छ | | |

________________ ________________ ________________ ________________